# भिमाद नगरपालिका फोहोरमैला व्यवस्थापन विधेयक, २०८०

**प्रस्तावना :** फोहोरमैलालाई स्रोतमा न्यूनिकरण , पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी नगरपालिका क्षेत्रभित्र फोहोरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एंव वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वास्थ र मनोरम वातावरण कायम गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम नगर सभाको १५ अधिवेशनले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः-**</u> (१) यस ऐनको नाम " **भिमाद नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः-**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग ,व्यवसाय वा सेवा संचालन गर्ने उद्देश्यले कानून बमोजिम स्थापित कम्पनी, उद्योग फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्दछ ।

ख) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदुषित फोहोर मैला सम्झिनु पर्छ।

ग) "कन्टेनर" भन्नाले फोहोरमैला सङ्कलन गर्ने प्रयोजनको लागी निश्चित स्थानमा राखवयको फोहोर मैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ

घ) "नगरपालिका" भन्नाले भिमाद नगरपालिका सम्झनु पर्छ।

ङ) "कार्यपालिका" भन्नाले भिमाद नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

च) "प्रमुख" भन्नाले भिमाद नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ज) "समिति" भन्नाले फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्दछ।

झ) "निष्कासन" भन्नाले फोहोर मैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्नु वा निकाल्ले कार्य सम्झनु पर्छ।

ञ) "सङ्कलन केन्द्र" भन्नाले घर घरबाट निस्किने फोहोरमैला सङ्कलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्दछ र यस शब्दले घरघरमा फोहोरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउँछ।

ट) “फोहोरमैला” भन्नाले  घरेलु फोहोरमैला औद्योगिक फोहोरमैला रसायनिक फोहोरमैला स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ रउस शब्दले प्रयोगमा आउने तथा फलियका वस्तु ,सडेगलेका वस्तु वा वातावरण ह्रस आउने गरी निष्कासन गरीयका वस्तुहरु लगायत अनधिकृत सार्वजन स्थलमा टाँसिएका पोष्टर,पम्पेट र नगरपालिकाले तोकेको  फोहोरमैला संकलन वा फोहोरमैला संकलन  गर्ने साधन समेतलाई जनाउछ।

ठ) “प्रशोधन” भन्नाले  फोहोरमैलाको रुप वा गुणममा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल .ग्यास .उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

ड) “फोहोरमैला सङ्कलन” भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने घरबाट सङकलन गर्ने सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढाउने, थुपार्ने झारपात उखेल्ने  तथा अनधिकृत रुपमा सार्वजनिक स्थालमा टासिएका पोष्टर, पम्पलेट हटाई सङ्कलन गर्ने कार्यलाई सम्झनु पर्दछ।

ढ) “फोहोरमैला व्यवस्थापन स्थल” भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागी नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ।

ण) “विसर्जन” भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्दछ।

त) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून  बमोजिम स्थापित र सहभागितामुलक टोल विकास संस्था तथा उपभोक्ता समुह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्दछ।

क) “फोहोरमैला सङ्कलन तथा ढुवानी साधन” भन्नाले फोहोरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागी प्रयोग गरिने उपकरण वा औजार सम्झनु पर्दछ।

ख) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्छ।

## परिच्छेद २

## फोहोरमैला उत्पादन, सङ्कलन, न्यूनीकरण तथा निष्कासन सम्बन्धी व्यवस्था

**३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मूख्य जिम्मेवारी रहनेः-** (१) फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन पलान्ट, कम्पोष्ट प्लान्ट  र वायोग्यास लगायत फोहोरमैला सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचना निर्माण तथा सञ्चालन गर्ने मूख्य जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) फोहोरमैला सङ्कलन केन्द्र वा कुनै स्थानमा फलिएका वा राखिएका फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएका फोहोरमैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला .स्वास्थ संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्त्व निर्धारण मापदण्डको अधिनमा रहि त्यस्ता फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकाय हुनेछ।

(४) कुनै उद्योग वा स्वस्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैला व्यवस्थापन गरीदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरीदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

४. **फोहोरमैलाको उत्पादन कम गर्ने:-** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकि फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैला परिमाणलाई घटाउन प्रत्येक व्यक्ति संस्था वा निकायको कर्तब्य हुनेछ।

५. **फोहोरमैलाको पृथकीकरणः-** (१) नगरपालिकाले फोहोरमैलालाई जैविक अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्टायाई संङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्त्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालपकाले आवश्यक प्रविधि मालसामान,उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

६. **फोहोरमैलाको निष्कासनः-** (१) फोहोरमैला निष्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति संस्था वा निकायले त्यस्ता फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला संङ्कलन केन्द्रमा निष्कासन गर्न पाईनेछ।

**७. सङ्कलन केन्द्र तोक्नेः-** (१) नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संङ्कलन केन्द्र तोक्दा सकेसम्म टोल वस्तीका सवैलाई पायक पर्ने गरी वातावरणीय हिसावले उपयुक्त स्थान तोक्नु पर्नेछ।

**८. फोहोरमैलाको ढुवानीः-** (१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्त्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ।

(२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ। यस्तो साधन तोक्दा तौल क्षमता तरिका तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ।

(३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाको दफा (५) बमोजिम स्रोतमा छुट्टायाई निष्कासन तथा सङ्कलन गरीएको फोहोरमैला अलग -अलग ढुवानी गर्नु पर्नेछ।

**९. फोहोरमैलाको न्यूनीकरण, पूनः प्रयोग तथा पूनः चक्रीय प्रयोगः-** (१) नगरपालिकाले फोहोरमैला न्युनिकरण .पुनः चक्रिय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ।

**(२)** उप नियम (१) मा उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यन्वयनको लागि नगरपालिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद ३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**१०. फोहोरामैला व्यवस्थापन स्थलः-** (१) नगरपालिकाले आफ्नो क्षत्रभित्र संङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थानीय रुपमा विसर्जन गर्नका लागि वातावरण सम्बन्धि प्रचलित कानूनको अधिनमा रही फोहोरमैला व्यवस्थापन स्थल (स्यानेटरी ल्याण्डफिल्ड साईड) तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भएतापनि फोहोरमैला व्यवस्थापनस्थल तोक्न उपयुक्त नभएमा नगरपालिकाले उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ।

(३) नगरपालिकाले उपदफा (१)र (२) बमोजिम फोहोरमैला व्यवस्थापनस्थल तोक्नका लागि जग्गाको अभाव भएमा नगरपालिकाले उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागी प्रदेश तथा संघीइ तथा सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल उपलब्ध गराउन माग भई आएमा प्रदेश तथा सङ्घिय सरकाले प्रचलित कानून  बमोजिम त्यस्ता जग्गा प्राप्त गरी नगरपालिकालाई उपलब्ध गराउनेछ।

(५) नगरपालिका र अर्को कुनै एक वा सोभन्दा  बढि स्थानीय     तहमा समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापनस्थल  प्रयोग गर्न उपयुक्त भएमा सम्बद्ध स्थानीय     तहहरुविच आबश्यक समन्यन गरी तहहरुको लिखित सहमति र सर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सकिनेछ।

(६) नगरपालिकाको फोहोरमैला व्यवस्थापन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी     कार्य गर्दा यसका लागि तोकियको वातावरणिय मापदण्ड अनुरुप गर्नु पर्दछ।

(७) नगरपालपकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सकिनेछ।

(८) नगरपालिकाले उपदफा (७) बमोजिम क्षेत्रमा पशुपन्छी .जिवजन्तु तथा मानवको अनधिकृत प्रयोगलाई रोक लगाउने, माटो,ढुङ्गा ,गिट्टी र वालुवा निकाल्ने कार्यमा रोक लगाउनुका साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सकिनेछ।

## परिच्छेद ४
## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

११. **अनुमति सम्बन्धी व्यवस्थाः-** (१) यो ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि

२ फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी तथा विदेशी कम्पनी ,संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ   ।

क)फोहोरमैला यवस्थापन सम्बन्धि योजन,

ख)फोहोरमैला व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

ग)तोके बमोजिमको अन्य विवरण।

(३) नगरपालिकाले उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक निर्णय गरी अनुमति दिन सकिनेछ।

(४) फोहोरमैला व्यवस्थापन प्रशोधन पुनःचक्रिय प्रयोग र विसर्जन आबश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुने अबस्था नदेखियमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी

.संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने गरी सङ्घिय सरकारको स्वीकृति लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमति पत्र दिन सक्नेछ।

(५) अनुमती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको कार्य गराउन सकिनेः-** (१) नगरपालिकाले आवश्यकता अनुसार दफा ११ बमोजिम अनुमति प्राप्त निजि क्षेत्रका कम्पनि वा दफा १३ बमोजिम सामुदायिक क्षेत्रकाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून को प्रक्रिया अबलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनिको हकमा देहायका सवै वा कुनै सामसदायिक वा गैर सरकारी संघसंस्थाका हकमा देहायका कुनै काम गराउन सकिनेछ।

क) फोहोरमैला न्यूनिकरणका लागी जनचेतना अभिवृद्वि

ख) फोहोरमैला सङ्कलन,

ग) फोहोरमैला ढुवानी,

घ) फोहोरमैलाको प्रयोग, पूनः चक्रीय प्रयोग वा प्रशोधन,

ङ) फोहोरमैला विसर्जन र

च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै काम।

१३. **प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिनेः-** (१) नगरपालिकाले दफा (१२) बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा प्रतिस्पर्धा गराई छनौट पश्चात व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम

ख) फोहोरमैलाबाट उर्जा सक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता .पुँजी .प्रविधि वा जनसक्तिको स्थिति

ग) फोहोरमैलाबाट उर्जा सक्ति वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता .पुँजी .प्रविधि वा जनसक्तिको स्थिति

घ) व्यवस्थापन प्रयोग गरीने प्रविधिको दिगोपन र वातावरण प्रभाव न्युनिकरण

ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरीएको व्युथापन शुल्क

फोहोरमैला प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरीएको रोयल्टी।

(३) निजि वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउन आवश्यक अन्य व्यवस्था प्रचलित कानून  बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी .संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधिनमा रहि दफा (१६) बमोजिमको शुल्क उठाउन सक्नेछ।

(५) फोहोरमैला व्यवस्थापनमा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्था तोकिय बमोजम हुनेछ।

**<u>१४. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृत दिन सकिनेः</u>-** (१) निजि क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागी फोहोरमैला व्यवस्थापन स्थल.प्रशोधन स्थल वा अन्य संयनत्र निर्माण गरी सञ्चालन गर्न स्वीकृत माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

**(२)** उपदफा (१) बमोजिम निजि क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा वातावरणीय मापदण्ड अनुरुप भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

**(३)** यसरी अनुगमन गर्दा तोकियको मापदण्ड अनुरुप नभएमा समय अवधी तोकी मापदण्ड अनुरुप गर्न लगाउने लगाउने र तोकिएको समयअवधिभित्र मापदण्डको पालना नगरे त्यस्ता व्यक्ति, संस्था वा कम्पनी लाई दिईएको स्वीकृत नगरपालिकाले रद्द गर्न सक्नेछ।

**<u>१५. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिनेः</u>-** (१) नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही निजि क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापनको कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वा गैर सरकारी संघसंस्थासँगको साझेदारीमा काम गर्दा फोहोरमैला न्युनिकरणको लागि जनचेतना अभिवृद्वि .फोहोरमैला संङ्कलन.ढुवानी.फोहोरमैला व्यवस्थापनको वन्द पश्चातको व्यवस्थापन ,उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता काम मात्र गर्न गराउन सकिनेछ।

## परिच्छेद ५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**<u>१६. सेवा शुल्क उठाउन सक्नेः</u>-** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम शुल्कको निर्धारण फोहोरमैलाको परिमाण ,तौल तथा प्रकृति र तोकिएको अन्य आधारमा गरिनेछ।

(३) यस दफा बमोजिम निर्धारण गरिएको शुल्क नगरपालिका आफैले वा नगरपालिकाले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखियको भएता पनि दफा (१३) बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवमरी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट शुल्क उठाउन सक्नेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापन निजि क्षेत्रबाट गराउदा प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै शीर्षकमा राखी उक्त रकम फोहोरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्र विकासमा खर्च गर्नुपर्नेछ।

**<u>१७. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः</u>-** (१) नगरपालिकाले दफा (१६) बमोजिम लगाइको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) फोहोरमैला व्यवस्थापन गर्ने दफा (१३) बमोजिम जिम्मेवारी पाएका व्यक्ति,संस्था वा निकायले दफा (१६) को उपदफा (४) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थनपन सम्बन्धी सेवा अन्त्य गर्न सक्नेछ।यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा नगरपालिकालाई जानकारी दिनु पर्नेछ।

**(३)** उपदफा (१) र (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरीएको अबस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यक्ति, घरधनी, संस्था आफैले गर्नु पर्नेछ।

**(४)** सेवाग्राहीले दफा (१६) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनःसेवा प्रदान गरीनेछ।

## परिच्छेद ६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

**<u>१८. प्रदुषण नियन्त्रणः</u>-** (१) आफ्नो घरभित्रबाट सङ्कलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकुल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदुषण रहित ढङ्गले व्यवस्थापन गर्ने दायित्त्व नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले सङ्कलित फोहोरमैला निष्कासन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड पालना गर्नु पर्नेछ।

**<u>१९. फोहोरमैला व्यवस्थापनको अनुगमनः</u>-** (१) नगरपालिकाले फोहोरमेला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ।

(३) उपदफा १ बमोजिम  अनुगमनमा खटिने व्यक्तिले अनुगमन  पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनु पर्नेछ।

(४) प्राप्त प्रतिवेदनमा औल्याईएका विषयहरुको सुधार तथा कार्यन्वयनका लागी नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(५) नगरपालपकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागी प्रविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यदेश दिन सक्नेछ।

<u>२०.</u> **फोहोरमैला व्यवस्थापनस्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः-** (१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक सामाजिक .भैतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यन्वयनको लागी विभिन्न कार्यक्रम बनाई कार्यन्वयन गर्नेछ।

(२) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रमा मुलतः देहायका विषयमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ।

क) सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण,

ख) विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन,

ग) प्रभावित क्षेत्रमा  आर्थिक. सामाजिक रुपले पिछडिएका  विपन्न  वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम,

घ) वृक्षारोपण, हरियाली तथा वातावरणमैत्री स्थानीय शासन प्रबर्द्धन,

ङ) आफ्नो घरबाट निस्कने फोहोरमैलाको न्युनिकरण पुनःप्रशोधन र प्रयोगका साथै जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य।

## परिच्छेद ७

## फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**<u>२१. फोहोरमैला व्यवस्थापन समितिको गठनः</u>- (१)** फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नु पर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा १ बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछनः-

क)  नगरपालिका प्रमुख  -अध्यक्ष

ख) प्रमुख प्रशासनिक अधिकृत - सदस्य

ग) वडा अध्यक्षहरु मध्य मध्येबाट नगरकार्यपालिकाले मनोनित गरेका दुई जना - सदस्य

घ) स्थानीय उद्योग वाणिज्य संघ र व्यापार संघ अध्यक्ष दुई जना - सदस्य

ङ) नगरपालिका स्वास्थ / शिक्षा शाखाका प्रमुख -सदस्य

च) नगरकार्यपालिकाले मनोनित गरेको फोहोरमैला प्रभावित क्षत्रमा वसोवास गर्ने व्यक्तिहरु मध्यबाट एक महिला सहित दुई जना - सदस्य

छ) फोहोरमैला व्यवस्थापन तथा नगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाई संस्थाहरुबाट तीन जना - सदस्य

ज) योजना तथा सहरी विकास शाखा प्रमुख - सदस्य

झ) नगरपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन सम्बन्धी विज्ञ एक जना - सदस्य

ञ) फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा २ को खण्ड (ग), (च) र (छ) बमोजिम सदस्यमा मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

**२२. <u>समितिको काम, कर्तव्य र अधिकारः-</u>** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) फोहोरमैला व्यवस्थापन सम्बन्ध आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागी नगर कारयपालिकामा पेश गर्ने।

ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरुबीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

ग) फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

घ) फोहोरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने।

ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने।

च) तोकिए बमोजिम अन्य काम गर्ने।

**२३. <u>समितिको बैठक सम्बन्धी व्यवस्थाः-</u>** (१) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा नगर प्रमुखको हैसियतमा नगर उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(३) सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या मानिनेछ।

(४) बैठकको निर्णय सामान्यतः सहमतिमा गरीनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन्।

(५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(६) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछन्।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ८
## जरिवाना

२४. **कसुरः-** (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम जरिवाना गरिनेछ -

क) नगरपालिकाले तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने,

ख) कन्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थलबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

घ) यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

ङ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरीएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लघन गर्ने,

च) फोहोरमैला सङ्कलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

छ) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने,

ज) फोहोरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदूषित गराउने,

झ) नगरपालिकाले तोकेको स्थान बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

ञ) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्था जन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने,

ट) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

ठ) फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

ड) स्रोतमै फोहोरमैला पृथकीकरण नगरी दफा ५ को विपरित फोहोरमैला मिसाएर निष्कासन गर्ने,

ढ) मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिकस्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**२५. सजायः-** (१) दफा २४ को खण्ड (क) बमोजिम कसुर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजारसम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजारदेखि दश हजारसम्म, तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजारका दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा २४ को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले पाँच सयदेखि पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा २४ को खण्ड (ग) बमोजिम कसुर गर्नेलाई नगरपालिकाले पन्ध्र हजारदेखि पचास हजारसम्म जरिवाना गरी कन्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च समेत असुल उपर गर्न सक्नेछ।

(४) दफा २४ को खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई पन्ध्र हजारदेखि पचास हजारसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा २४ को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले पाँच हजार देखि पन्ध्र हजारसम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा २४ को खण्ड (छ), (ज) र (ढ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले पाँच हजारदेखि पन्ध्र हजारसम्म जरिवाना गर्न सक्नेछ।

(७) दफा २४ को खण्ड (झ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले तीन हजार देखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(८) दफा २४ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले पचास हजारदेखि एक लाखसम्म जरिवाना गर्न सक्नेछ। सोही कसुर पूनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्दका साथै सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(९) दफा २४ को खण्ड (ट) र (ठ) बमोजिमको कसुर गर्नेलाई प्रचलित कानून बमोजिम दण्ड र जरिवाना गर्न सकिने छ।

(१०) दफा २४ को खण्ड (ड) बमोजिमको कसुर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिवाना गर्न सक्नेछ।

**२६. सेवा सुविधा रोक्का गर्न सकिनेः-** (१) यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउन अटेर गर्ने व्यक्तिलाई नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरीदिन तथा निजको नामको घरजग्गा बिक्री रोक्का गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ। तर यसरी लेखि पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**२७. सरकारवादी हुनेः-** (१) दफा २४ को खण्ड (ट) र (ठ) बमोजिमको कसुरमा नेपाल सरकारवादी भई मुद्दा चल्ने छ र सो कसुर सरकारवादी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

**२८. पुनरावेदन दिन सक्नेः-** दफा २५ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैत्तिस दिनभित्र समब्न्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद ९
## विविध

**२९. स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापनः-** (१) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पूर्व फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गरेर मात्र अनुमति दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष शर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

**३०. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः-** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रहि गर्नुपर्नेछ।

(२) समयावधि सकिएको औषधी एवम् रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

**३१. फोहोरमैला व्यवस्थापन कोषः-** (१) नगरपालिकामा एक फोहोरमैला व्यवस्थापन कोष रहने छ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरीने छ।

क) दफा १६ बमोजिम प्राप्त हुने शुल्क वापतको रकम,

ख) दफा १३ बमोजिम प्राप्त हुने शुल्क रकम र रोयल्टी वापतको रकम,

ग) दफा २५ बमोजिम जरिवाना वापत प्राप्त हुने रकम,

घ) संघीय वा प्रादेशिक सरकारबाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान रकम,

ङ) नगरपालिकाले निर्णय गरी उक्त कोषमा राख्ने रकम,

च) अन्तराष्ट्रिय तथा राष्ट्रिय संघ संस्था वा निकायबाट फोहोरमैला व्यवस्थापनका लागि प्राप्त हुने अनुदान र सहयोग रकम,

छ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबाट प्राप्त हुने रकम,

ज) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(२) उपदफा (१) को खण्ड च बमोजिम उक्त रकम प्राप्त गर्नको लागि संघीय सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) यस दफा बमोजिम कोषको रकम खर्च गर्दा नगरपालिकाले आवश्यक कार्यक्रम बनाई फोहोरमैला व्यवस्थापन कार्यमा मात्र खर्च गर्नु पर्नेछ।

(४) यस कोषको लेखा, खर्च प्रक्रिया र लेखापरिक्षण सम्बन्धी व्यवस्था नगरपालिकाको अन्य कोष सरह हुनेछ।

(५) कोषको खाता सञ्चालन भिमाद नगरपालिकाको अन्य खाता सञ्चालन भए बमोजिम हुनेछ।

**३२. फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक निकायको अभिलेख राख्नेः-** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैद्या व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरीरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा अन्य आवश्यक विवरण समेत उल्लेख गर्न सकिनेछ।

**३३. <u>जानकारी गराउनुपर्नेः-</u>** नगरपालिकाले कुनै विदेशी व्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा जानकारी गराउन पर्नेछ।

**३४. <u>पुरस्कार दिन सकिनेः-</u>** (१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस ऐनको प्रतिकुल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिकाले सम्मान एव नगद पुरस्कार समेत दिन सक्नेछ।

**३५. <u>नियम बनाउने अधिकारः-</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागु गर्न सक्नेछ।

**३६. मापदण्ड वा निर्देशिकाः-** यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि बेग्लाबेग्लै मापदण्ड तथा निर्देशिका बनाई जारी गर्न सक्नेछ।

**३७. <u>प्रचलित कानून बमोजिम हुनेः-</u>** फोहोरमैला सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ